श्री दुर्गामाता सामुदायिक वन उपभोक्ता समुह,
नरैनापुर गा.पा. वडा नं. ६, बाँके

भोला प्रसाद मौर्य
अध्यक्ष

गोलिया काठ तथा दाउरा चट्टा बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना

(पहिलो पटक सूचना प्रकाशित मिति २०८३/०७/१४) शौर्य राष्ट्रिय दैनिक

विस्तृत सूचना

यस सामुदायिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रका समुहको स्वीकृत वन व्यवस्थापन योजना अनुसार डि.व.का.बाँकेको च.नं.३१३७ मिति २०८२/१२/०६ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा समुहमा आन्तरिक खपत भई बाँकी रहेका काठ दाउरा डि.व.का. बाँकेको च.नं.१०२३ मिति २०८३/०६/२३ को बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल, जामुन, बर्रो र अन्य जातका गोलिया थान ६३७ को २५६१.५ घन.फीट काठ र साल जातको दाउरा १२.७५ चट्टा र अन्य जातको दाउरा १०.०० चट्टा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थमा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले सूचिकृत भएका काठ व्यवसायीहरुले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिनमा सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सूचना यस समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

तपशिल

जात	ग्रेड	थान	परिमाण	दर	न्युनतम मुल्य	संकलन खर्च	कैफियत
साल	ए	५	८९.५	१२५०	१११८७५	३३२९९५	
साल	बि	८४	६३२.३४	९००	५६९१०६		
साल	सि	५१५	१६०८.१	६००	९६४८६०		
साल	डि	२२	३८.९७	३००	११६९१		
जम्मा साल		**६२६**	**२३६८.९**		**१६५७५३२**		
जामुन	ए	१	१२.४४	·४००	४९७६		
बर्रो		७	१४१.९९	२००	२८३९८		
अन्य		३	३८.१६	१००	३८१६		
जम्मा गोलिया		**६३७**	**२५६१.५**		**१६९४७२२**		
साल जातको दाउरा चट्टा			१२.७५	१२०००	१५३०००	२७५६१६.२५	
अन्य जातको दाउरा चट्टा			१०.००	४०००	४००००		
कुल जम्मा					**१८८७७२२**	**६०८६११.२५**	

शर्त तथा नियमहरु

१. बोलपत्र खरीद गर्नु पर्ने अन्तिम मिति र समय : २०८३/०८/०४ गते कार्यालय समय सम्म ।

२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय : २०८३/०८/०५ गते समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशत्त रकम यस समुहको नेपाल बैंक लिमिटेड नेपालगंज धम्बोजी शाखामा रहेको हिसाब नं. ००४००१००६१०१७८०००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना सम्म म्याद भएको बैंक ग्यारेन्टी समावेश गरेको हुनु पर्नेछ।

भोला प्रसाद मौर्य
अध्यक्ष

४. बोलपत्र फारम रु २०००/-(पछि फिर्ता नहुने गरी) तिरी यस समुह वा डिभिजन वन कार्यालय, बाँकेबाट खरिद तथा दाखिला गर्न सकिनेछ।

५.लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयमा यस सा.व.उ.स. को घाटगद्दीमा गई हेर्न सकिनेछ

६. लिलाममा भाग लिने डि.व.का.मा सूचिकृत भएका ईच्छुक काठ दाउरामा आधारित उद्योगहरुले सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी सहित नेपाली नागरिकताको प्रमाणपत्र, कर दर्ता/चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिबृद्धी कर दर्ताको प्रतिलिपी वा स्थायी लेखा नम्बर (पि.पि.एन.) दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कारोबार गर्न अनुमसत पाएको फर्मको प्रतिलिपी साथ सिलबन्दि बोलपत्र पेश गर्नु पर्नेछ।

७. निर्धारित न्युनतम संख्या र रितपुर्वक दाखिला हुन आएमा बोलपत्रहरु मिति २०८३/०८/..... गते दिउसो २:०० बजे समुहले समूह, कार्यालयहरु, बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ साथै बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधी अनुपस्थित.भएमा पनि बोलपत्र खोलिनेछ।

८. बोलपत्र खरिद दाखिला वा खोल्ने दिन विदा परेमा क्रमश कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ।

९. लिलाम विक्री सदर भएको जानकारी प्राप्त भएको मितिले वा समुहले कार्यालयको सूचना पाटिमा टाँस गरेको मितिले १० दिन भित्र सकार रकम , मूल्य अभिबृद्धि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुट्टै बुझाई लिलाम चढेका वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०. बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार समुहमा रहनेछ।

१२. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।